त्रिपुरासुन्दरी गाउँपालिकाको सम्मानित दोस्रो गाउँसभाको तेस्रो अधिबेशनका आदरणिय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू,विशेष अतिथिज्यूहरु, अतिथि ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू  वडा अध्यक्षहरु  लगायत सम्पूर्ण सम्मानित सभाका सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी साथीहरु, सामाजिक संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, व्यवसायिक संस्थाका प्रतिनिधि, पत्रकार तथा सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मी मित्रहरु तथा यस गरिमामय सभामा उपश्थित सम्पूर्ण महानुभावहरुमा आजको यो सम्मानित दोस्रो गाउँसभाको तेस्रो अधिबेशनमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

नेपाली जनताले पटकपटक गर्दै आएको त्याग,बलिदान र ऐतिहासिक जनयुद्ध र जनआन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्बभौमिकता ,भौगालिक अखण्डता, राष्ट्रियएकता, स्वधिनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौमअधिकार स्वतन्त्रता र सुशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्थाको माध्यमबाट दिगो शान्ति  र संवृद्धिको आकांक्षा पूरा गर्न संबिधान सभाबाट पारित नेपालको संबिधान २०७२ ले प्रदत्त गरेअनुसार पहिलो कार्यकाल सफलतापुर्वक सम्पन्न भई दोस्रो कार्यकालको तेस्रो गाउँसभा अधिबेशनमा  पालिकाको समग्र विकासका लागि आवश्यक बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा गौरावान्वित छु।

नेपाली जनताले नेपालको इतिहासमा राज्यको फरक फरक व्यवस्था परिवर्तनका लागि ०५२/०६२ को  जनयुद्द र ०६२/०६३ को जनआन्दोलन तथा अन्य पटक पटकका नागरिक आन्दोलनको उपलब्धि रक्षा गर्दै अहिलेसम्म स्थापित भएको लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा आफ्नो जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै घाइते ,अपाङगता, वेपत्ता हुनुभएका योद्दाहरुमा सम्मान प्रकट गर्दै उहाँहरुको परिवारजनहरुका साथमा रहि काम गर्ने बाचा प्रकट गर्दछु । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय सरकार विकास निर्माणमा प्रत्येक जनतासंग आफै संलग्न हुने बातावरण अवसर प्राप्त भएको छ । यो समयलाई आर्थिक सामाजिक ,भौतिक रुपान्तरणको अवसरको रुपमा उपयोग र जनचाहाना पुरा गर्ने अवसरको रुपमा लिंदै आर्थिक विकास गर्नु हो । राजनीतिक प्रणाली प्रति जनताको भरोसा बढाउदै लोकतन्त्रको आधार स्तम्भको रुपमा रहेको स्थानीय तहलाई बलियो

बनाउनु र संस्थागत गर्नु लोकतन्त्रको बलियो पक्ष र अभ्यास हो ।त्यसै तिर हाम्रो गाउँपालिका पनि अभ्यस्त हुँदै गैईरहेको छ।

नेपालको संविधानले व्यवस्था गरे अनुसार तीन तहका सरकारहरु मध्ये जनताको आफ्नो आँगन र सडकमा जति बेला पनि आफ्ना मनका कुरा निर्धक्कसंग समस्या उजागर गर्न र समाधानका उपाय समेत बताउन सक्ने सरकार हो। जहाँ आम नागरिकले सोचे अनुसारको सेवा र विकास निर्माण गर्न निरन्तर लागिरहेका छौ।अघिल्लो कार्यकालका जनप्रतिनिधिहरुबाट सुरुवात गरिएका राम्रा कार्यहरुको उच्च कदर गर्दै त्यसको निरन्तरता दिँदै अधुरा र नयाँ कार्यहरुलाई थालनी गरिनेछ। पहिलो कार्यकालमा भएका नवीनतम कार्यहरुलाई यस कार्यकालमा पनि निरन्तरता दिईनेछ र सुधार गर्नुपर्ने पक्षलाई जहिले पनि आम त्रिपुरासुन्दरीवासी नागरिकहरुसँग सहकार्य गरी अघि बढ्ने वाचा व्यक्त गर्दछु । विकासका अवसरहरुलाई भरपुर सदुपयोग गर्दै चुनौती एवं आईपर्ने समस्याहरुलाई समाधान गर्दै जाने वाचा गर्दछु ।

*जनप्रतिनिधिहरु शासक नभई जनताको सेवक हौं* त्यसका लागि सेवा गर्नका लागि म लगायत सबै त्रिपुरासुन्दरी जनप्रतिनिधिहरुलाई सोहि अनुसार जनताको सेवामा तल्लिन हुन अनुरोध गर्दछु। जसका लागि त्रिपुरासुन्दरीबासी सम्पूर्ण बुद्दिजिवि लगायत आम जनसमुदायलाई सकारात्मक राय सुझाव सहित विकासको काममा हातेमालो गर्नका निम्ति अनुरोध गर्दछु।

**सभाका सभाध्यक्ष महोदय,**

आगामी आ.व ०८०/०८१ को आर्थिक बजेट तर्जुमा गर्दा मैले निम्नानुसारको दस्ताबेजलाई आधार बनाएको छु।

१) नेपालको संबिधान, २०७२

२) स्थानीय सरकार संचालन ऐन, २०७४

३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

४) अन्तरसरकारी वित्त सरकारी वित्त व्यबस्थापन ऐन, २०७४

५) सङ्घीय तथा प्रदेश सरकारले जारी गरेको आर्थिक नियमावली ,नीति तथा कानून र मापदण्डहरु

६) सङ्घीय सरकार ,प्रदेश सरकार तथा त्रिपुरासुन्दरी गाउँपालिकाको आवधिक योजना

७) त्रिपुरासुन्दरी गाउँपालिकाको आन्तरिक आय स्रोत साधन

८) विभिन्न राजनीतिक दलहरु प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु

९) संघ र प्रदेशले अवलम्बन गरेका आर्थिक नीतिहरु

१०) संघ र प्रदेश सरकारबाट प्राप्त वितिय हस्तान्तरणहरु

११) विभिन्न साझेदार संस्थासंग गरेको प्रतिबद्धता

अब म यस आ.व. २०८०।८१ को बजेटको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताहरु लाई निम्न अनुसार प्रस्तुत गर्न चाहन्छु ।

सोच :- "शिक्षा ,स्वास्थ्य ,कृषि, जलस्रोत, पर्यटन र पूर्वाधार ; समुन्नत समाज त्रिपुरासुन्दरीको मूल आधार" भन्ने मूल नारालाई आत्मसात गर्दै जनताको मौलिक हकहरुको सुनिश्चित गर्दै स्वास्थ्य, शिक्षा,व्यावसायिक कृषि तथा रोजगारीमा वृद्धि र पर्यटनको विकास संगै आम नागरिकको आर्थिक जीवनस्तरमा वृद्धि गर्ने ।

लक्ष्य :-

गाउँपालिकाको समग्र विकासलाई दिगो विकाससंग सामन्जस्यता ल्याई सामाजिक न्याय, सुशासन सहितको सेवाबाट जनताको आय रोजगारी र जीवनस्तरमा वृद्धि गर्दै लगिने छ । गाउँपालिकाको वार्षिक बजेट तथा आवधिक योजना मार्फत समग्र गाउँपालिकाको सामाजिक वातावरणीय विकासमा योगदान पुर्याउदै उक्त नतिजा हँसिल गर्न आवश्यक आर्थिक नीति,निर्देशिका ,कार्यविधि मार्फत नतिजा हासिल गरिने छ ।

उद्देश्य :-

क) संविधानले तोकेको मौलिक हकको रुपमा रहेको नागरिकका न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने |

ख) नेपालको संविधान, २०७२ र स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको जिम्मेवारी र कर्तव्य पूरा गर्ने ।

ग) शिक्षा स्वास्थ्य तथा सामाजिक कल्याणमा गाउँपालिकाको भूमिका बढाउने |

घ) जनस्वास्थ्यको दृष्टिले स्वास्थ्य पर्यावरणमैत्री,बालमैत्री, भौतिक पूर्वाधार निर्माण गरी प्राकृतिक स्रोत र मानव स्रोतलाई उच्चतम प्रयोग गर्दै आम त्रिपुरासुन्दरीबासीको स्वास्थ्यमा गुणात्मक सुधार गरी विभिन्न रोग ,महामारीलाई नियन्त्रणको लागि उपलब्धि मुलक रुपबाट अगाडी बढाइउने ।

ङ) कृषि, पशुपालन ,घरेलु एवं साना र मझौला उद्यम व्यवसायलाई बढावा दिने| ।

च) भौतिक विकासलाई तिव्रता दिन ,गाउँपालिकास्तरीय गौरबका आयोजना ,समपुरक र विशेष कोष मार्फत कार्यान्वयनमा बिशेष जोड दिई आर्थिक विकास गर्ने |

छ) बालमैत्री गाउँपालिका निर्माण गर्ने कार्यलाई निरन्तरता दिने |

ज) पर्यटन पूर्वाधारको विकास गरी उत्पादनशील, रोजगार उन्मुख न्यायपूर्ण वितरणको माध्यमबाट आर्थिक वृद्धि हाँसिल गरी गरिबी र बेरोजगार घटाउने |

झ) राष्ट्रिय गौरवको आयोजना बुढीगण्डकी आयोजनाबाट प्रभावित ,जेष्ठ नागरिक, दलित, जनजाती, महिला, आदिवासी, शारीरिक अपाङ्गता भएका व्यक्तिहरु, पिछडा वर्ग सिमान्तकृत कुमाल , दरै एवं क्षेत्रगत विकासमा जोड दिदै समावेशी तथा दिगो विकास अवधारणालाई कार्यान्वयन गर्ने ।

ञ) सामाजिक न्याय सहितको समुन्नत गाउँपालिका निर्माण गर्न न्यायिक समितिलाई सुवाल सक्षम र स्वतन्त्र बनाई न्याय सम्पादनमा जोड दिने |

माथिका उद्देश्यहरु हाँसिल गर्न वजेटमा निम्नानुसारको कार्यक्रमलाई प्राथमिकतामा राखेको छु ।

प्राथमिकताहरु :-

क) महिला,बालबालिका,जेष्ठ नागरिक ,अशक्त व्यक्तिहरुका लागि शसक्तिकरणको बिशेष कार्यक्रमहरुको सुनिश्चितता गरिनेछ |

ख) दिगो वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने |

ग) आधारभूत र माध्यमिक ,शिक्षा, स्वास्थ्य, खा.पा. तथा सरसफाईमा पहुँच वृद्धि गरिनेछ ।

घ)कृषि घरेलु साना उद्यम व्यवसायी, पशुपालकलाई व्यवसायीकरण गरी आर्थिक विकासमा स्रोत र श्रमको उच्चतम प्रयोग गर्दै स्वरोजगार सिर्जना गर्न प्रयास गरिनेछ।

ङ)स्थानीय उत्पादन र उत्पादकत्वलाई वृद्धि गर्न आवश्यक स्रोत साधनको सुनिश्चित गरिनेछ|

छ) युवाहरुलाई सिपमूलक तालिम मार्फत दक्षता हाँसिल गराई स्थानीय स्तरबाट नै रोजगारको अवसर सिर्जना गरिनेछ|

ज) गाउँपालिका र सबै वडाहरुलाई सूचना तथा प्रविधिलाई प्रभावकारी बनाई सेवामा आधारित बनाइने छ।

झ) सामाजिक न्याय र सुशासंलई प्रभावकारी बनाई बेरुजु न्युनिकरणमा जोड दिइने छ ।

ञ) गाउँपालिकाबाट प्रवाह गरिने न्यायीक प्रक्रियालाई छिटो र सरल बनाइनेछ।

ट) बजेट कार्यन्वयनमा लक्षित वर्गलाई सहभागिता गराउन जोड दिइनेछ|

ठ) रासायनिक मलको प्रयोगलाई हटाउँदै प्रांगरिक एवं जैविक कृषि प्रणाली अवलम्वन गर्दै लगिनेछ |

ड)योगदानमा आधारित सामाजिक सुरक्षा कोषको संचालन निरन्तरता दिईनेछ|

ढ)गाउँपालिकाभित्र वस्ती विकास गुरुयोजना तयार गरी लागू गर्ने प्रयास गरिनेछ|

आयोजना छनौटको प्राथामिकीकरणलाई उपलब्धिमुलक बनाउनका लागि निम्नानुसारको विशिष्टिकृत क्षेत्रलाई पहिचानमा राखेको छु ।

निम्नानुसारको विशिष्टिकृत क्षेत्रलाई पहिचानमा राखेको छु ।

क) ग्रामिण क्षेत्रको आर्थिक विकास र गरिवी निवारणलाई प्रत्यक्ष योगदान दिने ।

ख) शिक्षा, स्वास्थ्य (विभिन्न रोग समेत), खा.पा. सरसफाई र सिंचाईमा लगानी गर्ने ।

ग) उत्पादनमुखी दिगो रोजगारी दिने।

घ) ठूला क्रमागत बजेटहरुको हकमा (आवधिक योजना) बढिमा ३ बर्षमा प्रतिफल दिने ।

ङ) राजस्व परिचालन र आन्तरिक आयबृद्धिमा दिगो योगदान दिने ।

च) सेवा प्रवाह संस्थागत विकास सुशासनमा योगदान दिने ।

छ) स्थानिय स्रोत र साधन प्रविधिमा आधारित भई जन-सहभागितामा बृद्धि गर्ने ।

ज) लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सामाजिक सद्भाव तथा भाइचारामा बृद्धि गर्ने ।

झ) दिगो विकास, वन वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा सहयोग गर्दै विपद पुर्व तयारी तथा प्रतिकार्यमा जोड दिईने छ ।

ञ) स्थान विशेषको सांस्कृतिक, धार्मिक र जातीयताको पहिचान एवं प्रर्वद्धन गर्ने ।

ट) सूचना प्रविधिलाई व्यवस्थित गर्दै अधिकतम कार्यान्वयन गरिने छ ।

ठ) गा.पा. तथा वार्डहरुबाट हुने सेवा प्रवाहहरुलाई गुणस्तरिय चुस्त, सहज एवम् सर्वशुलभ बनाउने ।

ड) गा.पा. को समग्र विकासको लागि सरकारी, सहकारी, गैर सरकारी, तथा राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ निकाय र निजी संघ संस्थाहरुसँग सहकार्य गर्दै अगाडि बढ्ने ।

सभा अध्यक्षज्यू,

अब म चालू आ.वको हाल सम्मको प्रगति विवरण पेश गर्दछु |

चालू आ.व २०७९/८० को मिति २०८०|०३|०९ सम्मको बजेट तथा खर्चको यथार्थ विवरण यसप्रकार छ |

| | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालू | ४१ करोड ८५ लाख ७८ हजार ७ सय ३९ पैसा | ३३ करोड ५६ लाख ८५ हजार पाँच सय ३० रुपयाँ | ८०.२% |
| पुंजीगत | २६ करोड ७० लाख २९ हजार ७३१ रुपयाँ | १७ करोड ५४ लाख ९ हजार ४ सय ०९ रुपयाँ | ६५ .६९% |
| जम्मा | ६८ करोड ५६ लाख ८ हजार ४ सय ७० रुपयाँ | ५१ करोड १० लाख ९४ हजार ४ सय ५३ रुपयाँ | ७४.५४ % |

अब म यस आ.व०८०/८१ को सङ्घीय सरकार ,प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, शसर्तअनुदान ,बिशेषअनुदान, समपुरक अनुदान, राजश्व र गत बर्षको मौज्दात रकमका आधारमा समग्र बजेट गरिमामय सभासमक्ष प्रस्तुत गर्न चाहन्छु ।

तपशिल:

आ.व ०७९/८० को लागि त्रिपुरासुन्दरी गाउँपालिकाको समग्र आयको प्रक्षेपण

चालू आ.व २०७९/८० को हाल सम्मको आन्तरिक आय र राजश्व बाँडफाडको प्रगति यस प्रकार छ ।

| विवरण | ०७९/८० को कूल अनुमानित आय | हाल सम्मको यथार्थ आम्दानी | प्रगति प्रतिशत (%) |
|---|---|---|---|
| आन्तरिक आय | २ करोड १० लाख | ८९ लाख ६८ हजार | ४३% |
| राजश्व बाँडफाड | १० करोड २ लाख २८ हजार | ५ करोड ८३ लाख १३ हजार | ५९% % |
| कूल जम्मा | १२ करोड १२ लाख २८ हजार | ६ करोड ७२ लाख ८१ हजार | ५६ % |

गाउँसभाका सभाअध्यक्षज्यू, प्रमुख अतिथिज्यू,अतिथिज्यूहरु , गाउँसभाका सदस्यज्यूहरु, कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु !

अब म यस आ.व०८०/८१ को सङ्घीय सरकार ,प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, शसर्तअनुदान ,बिशेषअनुदान, समपुरक अनुदान, राजश्व र गत बर्षको मौज्दात रकमका आधारमा समग्र बजेट गरिमामय सभासमक्ष प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स | आयको स्रोत | वित्तीय समानीकरण (रु.) हजारमा | सशर्त (रु.) हजारमा | राजश्व बांडफांडबाट प्राप्त हुने (रु.) हजारमा | समपुरक अनुदान | बिशेष अनुदान | जम्मा (रु.हजारमा ) |
|---|---|---|---|---|---|---|---|
| १. | संघीय सरकार बाट प्राप्त | १२ करोड ४८ लाख | २२ करोड ५३ लाख | ८ करोड ४ लाख ३८ हजार ७०० | ५० लाख | ७५ लाख | ४४ करोड ३० लाख ३८ हजार ७०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | प्रदेश सरकारबाट प्राप्त | १ करोड ३२ लाख ८९ हजार | २ करोड २१ लाख ८६ हजार | १ करोड ९८ लाख ७३ हजार २ सय ३४ | १ करोड | - | ६ करोड ५३ लाख ४८ हजार २ सय ३४ |
| ३ | आन्तरिक स्रोत प्रक्षेपण | | | | | | २ करोड |
| आ.व ०७९/८० को नगद मौज्दात | | | | | | | २ करोड |
| | | | | | | जम्मा आय (रु.) | ५४ करोड ८३ लाख ८६ हजार ९ सय ३४ |

अब आ.व ०८०/८१ का लागि तपसिल बमोजिमको बजेट विनियोजन गरेको छु ।

| आ.व २०८०/८१ को बजेटलाई तपसिल बमोजिम विवरण र दायित्व सिर्जना गर्ने निर्णय गरियो । | | | | |
|---|---|---|---|---|
| क्र.स | योजना /कार्यक्रम | बजेट | दायित्व सिर्जना २०८०/८१ का लागि | जम्मा आय |
| १ | कृषि | ६०००००० | ४९२८१३२८ | |
| २ | पशु | ३५००००० | | |
| ३ | स्वास्थ्य | ५०००००० | | |
| ४ | शिक्षा अनुदान | २१६६४५०० | | १२४८००००० |
| ५ | शिक्षा शाखा | ३५००००० | | ८०४३८७०८ |
| ६ | सूचना | २०००००० | | १३२८९००० |
| ७ | महिला विकास | ३५००००० | | १९८७३२३४ |
| ८ | न्यायिक | १५००००० | | ४०००००००० |

| | | | | |
|---|---|---|---|---|
| ९ | पंजीकरण | २००००० | जम्मा आय | २७८४००९३४ |
| १० | लघु उद्यम | ५००००० | [illegible] बाँकी रकम | २२९११९६०६ |
| ११ | रोजगार शाखा | ३००००० | | |
| १२ | विपद | २०००००० | | |
| १३ | डिजिटल भिलेज प्रोफाइल | ३०००००० | | |
| १४ | गापा सभा हल तथा क्यानटिन मर्मत | १५००००० | | |
| १५ | गापा प्रांगण तथा पार्किङ | १५००००० | | |
| १६ | फर्निचर एण्ड फिक्चर्स | ५००००० | | |
| १७ | लेव व्यवस्थापन /मेशनरी औजारी खरिद | १०००००० | | |
| १८ | शव वाहन खरिद | १९००००० | | |
| २१ | नरसिंह धाम अतिथि भवन निर्माण | २७००००० | | |
| १९ | स्वास्थ्य विमा कार्यक्रम | १२५०००० | | |
| २० | नरसिंह धाम दुना गाई र मौरी पार अनुदान | ३००००० | | |
| २१ | वडा नं १ र २ बाटो मर्मत रकम भुक्तानी | ५००००० | | |
| २२ | आँखा अस्पताल | २१००००० | | |
| २३ | अमरसिंह पार्क निर्माण वडा नं ३ | ५००००० | | |
| २४ | कभर्ड हल कार्पेट खरिद | १२००००० | | |
| २५ | फटिक खम्बा प्रचार प्रसार | १०००००० | | |
| २६ | त्रिपुरासुन्दरी मन्दिर सिढी निर्माण | २०००००० | | |
| २७ | वडा नं १ शाखा बाटो मर्मत सुधार | ६५०००० | | |
| २८ | सल्यानटार मा.वि पटकेपारी मरणघाट जाने बाटो | ५००००० | | |
| २९ | साविक मुलपानी -४ मनखोला मरणघाट जाने बाटो | ५००००० | | |

| | | | | |
|---|---|---|---|---|
| ३० | वडा स्तरीय योजना | १०७९००००० | जस अन्तर्गत खर्च पुल १ करोड ५० लाख | |
| ३१ | धम्पानटार मेल सडक बत्ति जडान | [illegible] | | |
| ३२ | साँघु डाँडा पार्क निर्माण | ५०००००० | | |
| ३३ | अध्यक्ष उपाध्यक्ष कार्यक्रम | ११४०००००० | | |
| ३४ | चालु | ६२२०००००० | | |
| ३५ | भालु खोला पाण्डेगाउँ खा.पा योजना | ५०००००० | | |
| ३६ | गणेशथान मन्दिर प्रतीक्षालय निर्माण | ५०००००० | | |
| ३७ | समपुरक | १७५०००००० | | |
| | कुल जम्मा | २७३४६४५०० | | |
| | | -४४३४४८९४ | | |

- सम्मानित दोस्रो गाउँसभाको तेस्रो अधिवेशनमा आ.व. २०८०/८१ को बजेट आय, व्यय, राजस्व अनुमान, अनुदान प्राप्ति, व्यय अनुमान वित्तिय व्यवस्थापनको अनुमान कार्यक्षेत्रगत व्यय अनुमान वार्षिक विकास कार्यक्रम शसर्त अनुदानको कार्यक्रम, समपुरक अनुदानको कार्यक्रम अनूसुचीहरुमा उल्लेख गरेको छु ।
- चालू आ.व ०७९/८० प्रक्षेपण गरिएको आन्तरिक राजश्व अनुसार संकलन हुन नसकेको यथार्थ स्वीकार गर्दै आगामी आ.वमा कर तिर्न अनिवार्य र स्वस्तफुर्त कर तिर्न आउने वातावरण सिर्जना गर्ने कुरामा विशेष ध्यान दिइने छ | गाउँपालिकाको समग्र विकासमा गाउँपालिकाबासीको प्रयासबाट मात्र सम्भव भएकोले प्रस्तावित करहरु समयमा नै असुल गर्न सहयोग रहने नै छ भन्ने अपेक्षा गरेको छु |
- आगामी आ.व का लागि करका दायराहरुमा सामान्य हेरफेर गरिएको छ, साथै विगतका आ.वहरुमा दिईदै आएको अपांगता र विपदको सिफारिस तथा कडा रोगको सिफारिसमा दिएको राहत आगामी आ.वका लागि समेत निरन्तरता दिइएको छु |

सभाध्यक्ष महोदय,

बजेट निर्माणको क्रममा संघिय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको तीन तहको सरकार मध्ये दोस्रोपटकको स्थानीय निर्वाचन प्रक्रिया पुरा गरी स्थानीय सरकारको रुपमा मैले यस गाउँपालिकामा ल्याएको यो कार्यकालको दोस्रो बजेट हो । विगतका आ.वहरुमा ल्याईएको बजेट तथा नीति कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवाला आदरणिय त्रिपुरासुन्दरीवासीहरु आमा बुबा दाजुभाई तथा दिदिबहिनिहरुले जसरी सहयोग गर्नुभयो सोको लागि विशेष धन्यवाद दिँदै यो आ.व.को बजेटलाई पनि अझै गुणस्तरियताका साथ कार्यान्वयनमा आवश्यक सुझाव दिई सहयोग गरिदिनु हुनेछ भन्ने अपेक्षा गरेको छु । आगामी दिनहरुमा आदरणिय गाउँपालिकावासीहरुको रचनात्मक सुझाव, विकासमा समन्वयात्मक भूमिका निर्वाह गर्दै जनचाहना अनुरुप अगाडी बढ्ने प्रतिबद्धता प्रकट गर्दछु । सबैको साथ र सहयोगबाट समृद्ध र सक्षम त्रिपुरासुन्दरी गाउँपालिका निर्माण गर्दै यसलाई नगर उन्मुख बनाउने हामी सबैको इच्छा पुरा गर्नको लागि सबैको सकारात्मक सोचका साथ अघि बढ्न सम्पूर्ण गाउँपालिकाकावासीलाई हार्दिक आव्हान गर्दछु ।आकस्मिक विपद र सम्भावित महामारीबाट बच्न आवश्यक सजकता अपनाउन समेत विशेष आव्हान गर्दछु | त्यसै गरी राष्ट्रिय गौरवको आयोजना बुढीगण्डकी प्रभावितहरुलाई मुस्कान सहितको पुनर्बासको व्यवस्था गर्न यस गाउँपालिका प्रतिबद्धता व्यक्त गर्दछु|साथै यस आयोजनालाई यथाशिघ्र कार्यान्वयन गर्नका लागि नेपाल सरकारसंग जोडदार माग गर्दछु | गाउँपालिकाको आन्तरिक आयमा लगाउँदै आईएको कर असुलीमा सहयोग गर्नुहुने सम्पूर्ण करदाताप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत आन्तरिक राजश्व संकलनमा आम नागरिकको सहयोगको अपेक्षा गर्दछु|

यस गाउँपालिकाको दोस्रो सभाको तेस्रो अधिवेशनमा उपस्थित हुनुहुने सम्पूर्ण गाउँपालिकाबासीहरुको रचनात्मक, सुझाव तथा विभिन्न राजनीतिक दलहरुका प्रतिनिधिहरुले विकासमा समन्वयात्मक भूमिका खेल्दै जनचाहाना अनुरुप अगाडी बढ्न आवश्यक राय सुझावलाई अनुशरण गर्दै यहाँहरुको सुख-दुखमा हातमा हात मिलाउँदै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, यस गाउँसभामा प्रस्तुत हुने बजेट निर्माणमा अहोरात्र खट्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत,लेखा अधिकृत,सूचना अधिकृत ,शाखा प्रमुखज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु एवं लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहभागी भई सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु | गाउँपालिकाबासीहरुको चाहना अनुरुप उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्दै विकासमा दिन र यहाँहरुको सुझावलाई आत्मसात गर्दै गाउँपालिकाको उपाध्यक्षको हैसियतमा रहँदा वा नरहँदा समेत समाजसेवामा समर्पित भई अघि बढ्ने वाचा गर्दछु । आदरणीय त्रिपुरासुन्दरीबासी सम्पूर्ण महानुभावहरुको सुख समृद्धिको कामना गर्दै यहाँहरुको व्यक्तिगत र सामाजिक जीवनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।